# सुनिलस्मृति गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

## आन्तरिक आय (नदीजन्य पदार्थ) संकलनमा ठेक्का लगाउने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०७/२३

नेपालको संविधानको अनुसूची -८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ (६) बमोजिम प्रदत्त अधिकारको प्रयोग गरी सुनिलस्मृति गाउँपालिका रोल्पा भित्रका खोला बाट उत्खनन संकलन भई निकासी गर्दा लाग्ने वस्तुमा कर संकलन गर्ने उद्देश्यले आ.व. २०८०/०८१ का लागि देहाय अनुसार ठेक्का वन्दोबस्त गर्नु पर्ने भएकोले गाउँपालिकाले तोकेको शर्तहरुको अधिनमा रही वोलपत्र पेश गर्न इच्छुक फर्म वा कम्पनीहरुवाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र रीतपूर्कको सिलबन्दी वोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

देहायः

| सि.नं. | आय ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्युनतम कवोल अंक (मू.अ.क. बाहेक) | धरौट रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | 02/SQ/SSRM/ 2080-081 | नदीजन्य पदार्थ उत्खननमा लाग्ने कर संकलन | २०८१जेठ मसान्त सम्म | रु.१६,७१,४८८ (अक्षेरुपी सोह्र लाख एकत्तर हजार चार सय अठासी रूपैया मात्र) | कवोल अंकको ५% | रु.१०००।०० फिर्ता नहुने गरी |

नोटः ठेक्का सम्वन्धी पालना गर्नु पर्ने शर्तहरु र वोलपत्र सम्वन्धी कागजात गाउँपालिकाको राजस्व शाखाबाट तोकिएको दस्तुर बुझाएपछि प्राप्त गर्न सकिनेछ। यस सम्वन्धी विस्तृत जानकारी गाउँपालिकाको वेभसाइट www.sunilsmritimun.gov.np वाट प्राप्त गर्न सकिनेछ।

..................

(दिनेश पौडेल)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

सुनिलस्मृति गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुलिचौर, रोल्पा २०७३

## सुनिलस्मृति गाउँपालिकाको ठेक्का नं. 02/SQ/SSRM/2080-081 को सिलबन्दी वोलपत्र सम्वन्धी शर्त तथा वन्देजहरु

१. बोलपत्र खरिद गर्न इच्छुक वोलपत्रदाता (फर्म वा कम्पनी) हरुले दर्ता प्रमाणपत्र (आ.व. २०८०/०८१ सम्म नविकरण भएको), मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र र व्यक्तिको परिचय खुल्ने कागजात (नेपाली नागरिकताको प्रमाण पत्र वा राहदानी वा सवारी चालक अनुमति पत्र) को प्रतिलिपिहरु पेश गरी सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र यसै कार्यालयको राजस्व शाखावाट खरिद गरी १६ औं दिनको दिउसो १२:०० वजे सम्म शिलबन्दी वोलपत्र दर्ता गरि सक्नु पर्नेछ। तोकिएको समयभित्र दर्ता भएका वोलपत्रहरु सोहि दिनको १:०० वजे बोलपत्रदाता वा निजको प्रतिनिधि र यस गाउँपालिकाका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिनेछ।

२. शर्त नं. १ मा उल्लेखित कागजातका अतिरिक्त वोलपत्रदाताले वोलपत्र पेश गर्दा वोलपत्र खरिद दस्तुर Global IME Bank को सुलिचौर स्थित शाखामा रहेको यस कार्यालयको राजस्व खाता ८२०४०१००००१८ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ। साथै धरौटी रकमको हकमा बोलपत्रदाताले कवोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने रकम Global IME Bank को सुलिचौर स्थित शाखामा रहेको यस गाउँपालिकाको धरौटी खाता ८२०४०१००००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य वैंकवाट वोलपत्र नं. र नाम उल्लेख भई १२० दिनको म्याद सहित यस कार्यालयको नाममा जारी गरेको विडवण्ड पेश गर्नु पर्नेछ।

३. दरभाउपत्र दाताले पेश गरेको दरभाउपत्र फिर्ता वा संशोधन गर्न चाहेमा दर्ता गर्ने अन्तिम समय समाप्त हुनु भन्दा २४ घण्टा आगाडी फिर्ता वा संशोधन गर्न सकिने छ।

४. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

५. यस गाउँपालिकाको छाप र प्रमुख प्रशासकीय अधिकृतको दस्तखत नभएको वोलपत्र फारमलाई मान्यता दिइने छैन।

प्रमुख प्रशासकीय अधिकृत

सुनिलस्मृति गाउँपालिका कार्यपालिकाको कार्यालय सुलिचौर, रोल्पा २०७३

६. बोलपत्रदातावाट बोलपत्र फारम भर्दा अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ। केरमेट भएको ठाँउमा सही छाप हुनु पर्ने छ।

७. वोलपत्रदाताले वोलपत्र फारमहरुमा उल्लेख भएका सवै विवरणहरु भरी प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी बुझाउनु पर्नेछ।

८. सिलवन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ।

९. एक व्यक्ति, फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति, फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाइने छैन।

१०. दर्ता भएका वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। शर्त सहितको बोलपत्र स्वीकृत गरिने छैन।

११. योग्य बोलपत्रदाता मध्येवाट सवै भन्दा वढी कबोल गर्ने वोलपत्रदाताको वोलपत्र स्वीकृत गरिनेछ। तोकिएको म्याद भित्र स्वीकृत वोलपत्रदाता संझौता गर्न नआएमा बढि कबोल गर्ने मध्ये दोस्रो वोलपत्रदाताको वोलपत्र स्वीकृत गरी संझौता गरिनेछ।

१२. ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र संझौतामा उल्लेखित शर्त वमोजिम गर्नु पर्नेछ।

१३. ठेक्का अवधि आर्थिक वर्ष २०८०/०८१ को जेठ मसान्त सम्म रहनेछ। बोलपत्र स्वीकृत भएको सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र स्वीकृत कवोल अंकको ६० प्रतिशत रकम यस कार्यालयको तोकिएको खातामा अग्रिम जम्मा गरेको सक्कल बैंक भौचर र सो रकममा लाग्ने १३ प्रतिशत मू.अ.कर सम्वन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ। बाँकि ४० प्रतिशत रकम र सो रकममा लाग्ने १३ प्रतिशत मू.अ.कर रकम २०८१ साल बैशाख मसान्त सम्म दाखिला गरि सक्नु पर्नेछ। सम्झौता गर्न आउदा दरभाउपत्र दाताले बाँकी रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको कार्यसम्पादन जमानत पत्र (Performance Bond) पेश गरेपछि स्थाई चलन पुर्जी दिईनेछ ।तोकिएको समयमा रकम दाखिला नगरेमा २०८१ साल जेठ महिनाको पहिलो हप्तामा बैंकको कार्यसम्पादन जमानत पत्र (Performance Bond) जफत गरी असुलउपर गरिनेछ।

१४. धरौट रकम फुकुवा संझौतामा उल्लेख भए अनुसार हुनेछ।

१५. बोलपत्रदाता र गाउँपालिकावीच कुनै किसिमको मतभिन्नता भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत



ईमेल: info@sunilsmritimun.gov.np

सुनिलस्मृति गाउँपालिका कार्यपालिकाको कार्यालय सुलिचौर, रोल्पा २०७३

१६. यस बोलपत्रमा उल्लेखित विषयका हकमा यसै सूचना अनुसार र उल्लेख नभएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१७. ठेकेदारले नियमानुसार नदिजन्य पदार्थ (स्लेट ढुंगा, ढुंगा, गिट्टी, बालुवा, रोडा आदि) को दर- रु.६/- प्रति क्यु.फिटको दरमा मूल्य अभिबृद्धि कर थप गरी सङ्कलन गर्नेछ । उक्त मुल्य अभिबृद्धि कर ठेकेदारले आन्तरीक राजस्व कार्यालयमा बुझाउनुपर्ने छ । सो बाहेक पनि नेपाल सरकार वा स्थानीय तह लाई प्रचलित ऐन नियमानुसार बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वंयमले सम्बन्धित कार्यालयमा बुझाउनुपर्ने छ । ठेक्का रकम बाट कटाउन तथा घटाउन पाईने छैन ।

१८. बन्द हडताल, चक्का जाम, लगायत अन्य मानव सिर्जित कारण बाट सिर्जना हुने अवस्थाको कारण छुट वा मिनाहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन । साथै कर छुट वा मिनाहा माग गर्न पाईने छैन ।

१९. शुल्क उठाउन ठेक्काको शिर्षक उल्लेख गरि ३/३ प्रति वाला, रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं दाखिला गरेर मात्र कर दस्तुर उठाउने प्रयोगमा ल्याउनु पर्ने छ ।

२०. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने, सम्पुर्ण अधिकार यस गाउँपालिकामा सुरक्षीत हुनेछ । दरभाउपत्र पेश गर्दा दरभाउपत्र दाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुने छैन । शर्त सहितको दरभाउपत्रलाई बदर मानिने छ । साथै रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

२१. चलन पुर्जीमा उल्लेख भएका माल, बस्तु र दररेटको प्रतिकुल हुने गरी संकलन उत्खनन गर्न पाईने छैन ।

२२. सम्मानित अदालत, नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको निति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तव्य एवं दायित्व हुने छ । नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारण बाट कुनै क्षति हानी नोक्सानी हुन गएमा सो को क्षतिपुर्तिको दायित्व ठेकेदारले गाउँपालिका संग दावी गर्न पाउने छैन ।

२३. स्लेट ढुंगा, ढुंगा, गिट्टी, बालुवा, रोडाको सन्दर्भमा प्रदेश अनुगमन समिति एवं जिल्ला स्तरीय अनुगमन तथा गाउँपालिकाको कार्यालय, सुलिचौर, रोल्पा बाट निर्देशन भए बमोजिम हुनेछ ।

२४. नेपाल सरकार बाट बन्देज लगाएको अवधिमा खोला बाट नदि जन्य पदार्थ निकाल्न पाईने छैन । निकालेमा कानुन बमोजिम कारवाही हुनेछ । साथै सडक पुलको तलमाथि ५०० मिटर, वन क्षेत्र, वस्ती क्षेत्र तथा कानुनले निषेध गरेको क्षेत्रवाट उत्खनन् गर्न पाइनेछैन । यसमा उल्लेख भएका कुराहरुमा

# सुनिलस्मृति गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

सुनिलस्मृति गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
२०७३

सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

२५. IEE Report ले उल्लेख गरेको क्षेत्र (लम्वाई/चौडाई र उचाई) लाई अनिवार्य रुपमा पालना गर्नुपर्नेछ, तोकिएको परिमाण र IEE Report प्रतिकुल भएमा कानुन बमोजिम कारवाही गरिने छ । पालना गर्नुपर्ने कुरा IEE Report मा उल्लेख छ ।

२६. अन्य कुराहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत


ईमेल: info@sunilsmriti